## संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको

# छेडागाड नगरपालिकाको
# छैठौं नगरसभामा

छेडागाड नगरपालिकाका नगर प्रमुख
श्री लाल बहादुर महताराज्यूबाट प्रस्तुत

# नीति तथा कार्यक्रम

**सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु**

नेपालको राजनीतिक इतिहासमा सबैभन्दा ठूलो क्रान्तिकारी परिवर्तन पछि मुलुकले अवलम्बन गरेको राजनीतिक दिशा र तदनुरुपका संरचनाको पूर्णताले संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भई परिपक्वता हासिल गरिरहेको छ । यो महत्वपूर्ण ऐतिहासिक रुपान्तरणको प्रकृया एकै पटक पुरा भएको होइन । निरन्तरका संघर्ष, आन्दोलन र क्रान्तिको उभारबाट हामी समाजको यो चरणमा प्रवेश गरेका छौं ।  यो प्रकृया पुरा गर्न हाम्रा तमाम सन्ततीहरुको बलिदानी भएको छ । योद्धाहरुको कुर्वानी भएको छ । यस अवसरमा वहाँहरुलाई सम्झदै प्राणको आहुती दिनुहुने ज्ञात अज्ञात शहिदहरुप्रती पुनः हार्दिक श्रद्धान्जली तथा सम्मान व्यक्त गर्दछु । साथै घाईते तथा अपांगहरुको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

नेपालको राजनीतिक परिवर्तनको पूर्व सन्ध्यामा निर्मित छनौटको क्रममा भएको प्रतिष्पर्धाबाट छेडागाड नगरपालिकामा जनताको अपार समर्थनले समुन्नत छेडागाड निर्माणको जिम्मेवारी हाम्रो काँधमा सुम्पिएको छ । यो जिम्मेवारीलाई नेपालको संविधानले बोकेको मंसद र मान्यतालाई आत्मासात गरी कुशलतापूर्वक कार्यान्वयन गर्नु हामीले आफ्नो दायित्व सम्झेका छौं । कानूनी राज्यको अवधारणा मुताविक व्यवहार निर्माण गर्दै लोक कल्याणकारी व्यवस्थाका आधारमा छेडागाड नगरपालिकाको दिगो विकास, समृद्धि र शुशासन युक्त नगरपालिकाको आकाँक्षा पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

नेपालको राज्य प्रणालीले नेपाली जनतामा नयाँ जीवन पद्धती प्रदान गर्ने विश्वास लिएको छ र नागरिक पनि परिवर्तनको पूर्ण अनुभूति गर्ने क्रममा रहेका छन् । पुरानो राज्य संरचनाले थोपरेको सामाजिक प्रवृतिले नयाँ ठाउँ ग्रहण गरिरहेको संक्रमणकालीन साँस्कृतिक उपचरणमा राजनीतिक स्थायित्व नै सेवाको भरपूर प्राप्तीको पूर्व शर्त मानिन्छ । यो मान्यता मात्र होइन समाजको विकासको अनुभवबाट स्वीकृत सिद्धान्त समेत हो । यस विषयलाई केन्द्रविन्दुमा राखेर राजनीतिक दल एकता प्रकृयामा आधारभूत रुपमा सहभागी भएर प्रकृया पुरा गरिएको छ । यसले जनता प्रतिको विश्वास जनतामा अझ गाढा भएर गएको छ । युगौं देखि जकडिएर रहेको सामन्तबादका अवशेषहरु पनि क्रमशः निश्तेज हुँदै गईरहेका छन् । लोकतान्त्रिक मुल्य र मान्यताहरुले ती ठाँउहरु ओगटिरहेका छन् । मुलकको दिशा क्रमिक रुपमा समाजबाद तर्फ उन्मुख भईरहेको छ ।

नेपालको संविधानले आत्मासात गरेको यस नविनतम् तर कठिन दिशालाई पछ्याउदै उत्पादन शक्तिको विकासका लागि न्यूनतम् आधार निर्माण गरेर **"सुखी नेपाली समृद्ध नेपाल"** को नारालाई पूर्णता दिने नेपालका सबै तहहरु तल्लिन र क्रियाशिल छन् । छेडागाड नगरपालिका पनि यसै अभियानको एउटा क्रम हो । राष्ट्रिय अठोटको एउटा सानो अंश यो नगरपालिका तेश्रो वर्षमा यस गरिमामय सभामा आर्थिक वर्ष ०७६।०७७ को छेडागाड नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वानुभूती भईरहेको छ ।

**सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु**

**आ.व. २०७६।७७ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि हामीले निम्न नीतिहरु अवलम्बन गरेका छौं :**

मानव विकास सुचकाँकमा भौतिक पूर्वाधार विकास सूचकाँकमा कमजोर स्थान लिएको यस नगरपालिकाको प्रथम सभाबाट सामाजिक तथा मानवीय विकासको साथै पूर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राखी कारवाहीहरु थालनी गरिएको छ । सबै वडाहरुमा चक्रपथिय स्वरुपको सडक संजाल, बस्ती र बजार जोड्ने सडकहरुको संजाल, नगर केन्द्र तथा वडा केन्द्रहरुसँगको सोझो सम्पर्क सडक, आधुनिक सूचना तथा संचार प्रणालीमा आवद्ध र जनताको पहुँच कायम, सुरक्षा भत्ता लाभग्राहीहरुको पहुँचमा पुर्‍याईने, खेलमैदान सहितका विद्यालय निर्माण गर्ने, मोवाईल सेवालाई पहुँचयोग्य बनाउने, वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, प्रहरी चौकीहरुमा इन्टरनेट सेवा जडान गर्ने, मातृशिशु सुरक्षा, नागरीक स्वास्थ्य सतर्कता जस्ता कार्यक्रमहरु प्रथम घेरामा रहेका छन् । उल्लेखित प्राथमिकताका विषयहरुले कार्यान्वयनमा पनि स्थान लिईरहेका छन् । यो वर्ष भित्र सडक संजालले पूर्णता लिने विश्वास लिएको छु । नगरपालिका, कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको समन्वय र सहकार्यमा दर्जन विशेषज्ञ चिकित्सक सहितको निःशुल्क स्वास्थ्य शिविर संचालन गरेर स्वास्थ्य सेवामा जन सुगमता कायम गर्ने काम सम्पन्न गरिएको छ र यो कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईने छ ।

आगामी दुई वर्ष भित्रमा नै सबै वडाबासीहरुलाई खानेपानीमा पहुँच पुर्‍याईने भनि लिइएको लक्ष्य मुताविक प्रत्येक वडामा कार्यक्रमहरु अगाडी बढाईएको छ । निकट भविष्यमा नै पुरा हुने गरी कार्यक्रमलाई निरन्तरता दिईने छ । राज्य र नागरीक विचको सम्बन्ध अनोन्याश्रित छ । सम्बन्ध त्यती प्रगाढ हुन्छ जति नागरीक सेवा प्रभावकारी हुन्छ । सहज र सुलभ सेवाले राज्यप्रति नागरीकको विश्वास खँदिलो हुँदै जाने र नागरीक प्रति राज्यको लगाव अभिबृद्धि हुने कुरालाई प्राथमिकता दिँदै नजिकबाट सेवा प्राप्त गर्ने जनताको हक सुरक्षित गर्ने प्रयास गर्दै आईरहेको यो नगरपालिकाको १३ वटै वडा कार्यालयहरुबाट सेवा संचालन छ । यसलाई अझै जनमुखी, सहज र सुलभ सेवा प्रवाहको वातावरण निर्माण गर्दै लगिने छ ।

हाम्रो समाज अहिले पनि जातीय उच निचताको विकृत मानसिकताको शिकार भइरहेको छ । जातीय विविधताको वीचमा एकताका साथ मानवीयता कायम राख्न सके सामाजिक सुन्दरता झल्किन्छ । तर हाम्रो प्रवृतिले स्वीकार गर्न मानिरहेको छैन । यस पृष्ठभूमिमा सामाजिक विभेद र विविधताको प्रभावकारी व्यवस्थापन गरिनेछ । कुनै प्रकारको शोषण, भेदभाव, विभेद, कुप्रथा र विकृतिलाई स्थान दिइने छैन । कानून सम्मत सकारात्मक विभेदको नीति अख्तियार गरी सामाजिक विसंगतिलाई निरुत्साहित गरिनेछ । छुवाछुतमुक्त नगर निर्माणका लागि आधारभूत कदम चालिने छ । हामीले परिस्थितिलाई ध्यानमा राखेर यो क्षेत्रलाई नगरका रुपमा संस्थागत गर्ने घोषणा गरयौ र आज त्यो स्वरुपको कार्यान्वयन पनि गरिरहेका छौं । यद्यपी हाम्रा कतिपय सामाजिक आधारहरु प्राकृतिक छन् । सामाजिक विश्वास र परम्परा पनि प्राकृतिक छन् । प्रकृति पुजाको क्रममा अंगिकार गरिएका मान्यताहरुले कुलको रुप धारण गरेका छन् । एउटै धार्मिक मान्यता भित्र विविध रुपमा देवताहरुको मान्यता कायम रही आएको छ । कुल पुजाको परम्पराले निर्माण गरेका साँस्कृतिक धार्मिक संकेतका

रुपमा रहेका विभिन्न धार्मिक सम्प्रदायका मठ, मन्दिर, गुम्बा, देवल, पाटी पौवाहरु अनगिन्ती रहेका छन् । ती सबैको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न तिनीहरुको पहिचान गरी पुनर्निर्माणमा जोड दिइनेछ ।

सूचना र संचार सुशासनको आधार क्षेत्र हो । सुशासन शासकीय व्यवस्थाको मार्गदर्शन पनि हो । व्यवस्थाका कै लिगका रुपमा रहेको सुशासनलाई प्रभावकारी तुल्याउने भूमिका बोकेको संचार क्षेत्रको विकासलाई प्राथमिकतामा राखिनेछ । यसबाट नागरीकको संचारको हकको प्रत्याभूती हुनेछ । यसको प्रवर्द्धनका लागि नगरमा छापा, अनलाईन मिडियाको प्रवर्द्धन गरी एफ.एम. रेडियो स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

हामी लोकतन्त्रको विधिमाथी विश्वास गर्दछौं । लोकतन्त्रमा आधारित संघीयताको कार्यान्वयनको प्रारम्भिक चरणमा छौं र अभ्यासको क्रममा रहेका छौं । हामी सँग न पुरानो अभ्यास छ न कुनै अनुभव रहेको छ । नयाँ सृजना र निर्माणको बाटोबाट हिड्नुपर्ने भएकोले पनि बाटो कठिन भएको अनुभूती हुँदैछ तर पनि सिकाईको रेखा सरलबाट जटिलतिर हुने भएकोले झन् पछि झन् जटिल लाग्नु स्वभाविक छ । यस क्रममा हामीले आवश्यक पर्ने विधि र कानूनहरुको निर्माण गर्दै गईरहेका छौं । झण्डै १६ ऐन, १०.नियमावली २२ कार्यविधि  ६ वटा निर्देशिका आचारसंहिता २ र मापदण्ड २ जम्मा ५८ वटा निर्माण गरि परिपाटीलाई विधि सम्मत बनाउने दिशातिर प्रयासरत छौं ।

स्थानीय स्तरमा पैदा हुने भै झगडा र द्वन्द्वहरुको निरुपणको लागि स्थानीय स्तरमै सक्षम जनशक्ति निर्माण गरी द्वन्द्व व्यवस्थापन गर्न **"स्थानीय मेलमिलाप कर्ता"** उत्पादन गर्ने काम पुरा भएको छ । संविधान प्रदत्त न्यायीक पद्धतीलाई प्रभावकारी बनाई नागरीकको न्याय सम्बन्धी हकको सुनिश्चितता गर्न न्यायलाई स्वतन्त्र, निश्पक्ष, छिटो छरितो र भरपर्दो बनाउन न्यायिक समितिलाई साधन र श्रोत सम्पन्न बनाईनेछ ।

परिवर्तनको बलियो अनुभूतिको आधार विद्यालय शिक्षा हो । शैक्षिक क्षेत्रको गुणात्मक विकासले मात्र नागरीकमा सकारात्मक प्रभावको संचार हुने गर्दछ । त्यसका लागि शिक्षा क्षेत्रमा सुधार अनिवार्य चाहिन्छ भनि नमूना विद्यालय, नमूना शिक्षक, नमूना विद्यार्थी निर्माण गर्ने उद्देश्य मुताविक शैक्षिक सुधारका कार्यक्रम संचालनमा ल्याइएका छन् । त्यतिवेला पनि संघीय सरकारले वि.सं. २०८५ साल सम्मलाई शैक्षिक सुधार दशकका रुपमा घोषणा गरेको सन्दर्भ सँगै हाम्रा कार्यक्रम पनि त्यसै अनुसार लक्षित गरेका छौं । त्यसका लागि विद्यालयको भौतिक वातावरणमा सुधार अनिवार्य हुन्छ । सुरक्षित विद्यालय, हरियाली विद्यालय, धुलो रहित विद्यालय, प्रविधियुक्त विद्यालय जस्ता कार्यक्रमहरु संचालन गरिनेछ । गुणात्मक शिक्षाका लागि आज मुलुक भरि नै बहस भैरहेका छन् । विद्यालयका शिक्षक माथी गुणस्तरीय शिक्षाको भार परिरहेको छ । प्रत्येक सम्बन्ध शिक्षकको विद्यालय र विद्यार्थीमाथी रहने कुराका आधारमा गुण दोष उसमाथी पर्नु स्वाभाविक भन्न सकिएला तर त्यसो भनेर राज्य र हामी सरोकारवालाहरु कोही पनि उम्किन सक्दैनौं । राष्ट्रिय लक्ष्य र हाम्रो आवश्यकता परिपुर्तीका गर्नका लागि यस नगरपालिका क्षेत्र भित्र रहेका मा.वि., नि.मा.वि. र प्रा.वि. तथा बालविकास केन्द्रहरुका लागि आवश्यक शैक्षिक व्यवस्थापन गर्न केही अनुदान रकमको व्यवस्था गरिनेछ ।

**सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु**

आज शिक्षाको गुणस्तर खस्किरहेको छ । माध्यमिक शिक्षालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धी बनाउनुपर्ने छ । यसबाट नगरपालिकाको आत्मनिर्भरता, समृद्धि र समुन्नती अभिबृद्धिमा योगदान पुग्न जान्छ । त्यसका लागि आवश्यक संस्थागत, नीतिगत तथा मानवीय संशाधानको प्रवन्धमा जोड दिईनेछ । उच्च शिक्षामा आधारभूत वर्ग समुदायका छात्र छात्रालाई शैक्षिक सहयोग उपलब्ध गराईने छ र विशिष्टीकृत समुहलाई छात्रबृत्तिको व्यवस्था गरिनेछ । मातृभाषामा शिक्षा प्राप्तीको लागि वातावरण दिदै समुदायको भाषा, लिपी, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण गरिनेछ । नमूना विद्यालयलाई निरन्तता दिईनेछ ।

यस नगरपालिका क्षेत्रभित्र रहेका यूवाहरुको रोजगारमूलक सिप विकासका लागि लोकसेवा पाठ्यक्रम सम्बन्धी कक्षा विशेषज्ञहरुको सहयोगमा संचालन गरिनेछ र लोकसेवा तयारी कक्षा पढ्ने वातावरण तयार गरिनेछ । साथै छोटो समयमा सीप विकास तालिमहरु संचालन गरी अध्ययनशिलता प्रतिको धारणाको विकास गरिनेछ र स्वरोजगार साना उद्यमीहरु निर्माण गर्न प्रविधि सहयोग कार्यक्रम संचालन गरिनेछ । स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी अध्ययन खोज र निर्माणका लागि एक मस्यौदा समिति बनाईनेछ ।

यस नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने नगरबासीहरुको स्वास्थ्य स्थिति कमजोर रहेको छ । स्वच्छ रहन पाउने नागरीक अधिकारको पूर्ण उपयोग हुन सकिरहेको छैन । स्थानीय स्तरमा रहेका स्वास्थ्य चौकीहरको सेवा स्तर पनि गुणात्मक रहेको छैन । गुणात्मक गराउने हाम्रो प्रयास जारी नै छ । यस नगरपालिकामा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्थाहरुलाई भवन, चिकित्साजन्य सामाग्री, सवारी साधन, मानवीय क्षमता अभिबृद्धिका प्रयाप्त अवसरहरु सिर्जना गरिनेछ । कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको समन्वयमा आवश्यकता अनुसार स्वास्थ्य शिविरहरु संचालन गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाईनेछ ।

यस नगरपालिकाको भौगोलिक अवस्थिति, त्यसको सापेक्षतामा निर्मित मानव क्रियाकलापहरु कति जोखिमपूर्ण रहेका छन् भन्ने कैयौ मानिसहरु रुख भिरबाट लडेर मृत्यु तथा घाइते भएकै अवस्था छ । झनै बढ्दो वातावरणीय प्रदुषणले नागरीकको स्वास्थ्य दिनानुदिन प्रतिकूल बनिरहेको छ । नजिकमा उपचार गर्ने वातावरण छैन । यो स्थितिलाई ध्यान दिदै स्वास्थ्य सेवा संचालन गर्ने गरी एम्बुलेन्स खरिद गर्ने प्रथम घोषणा कार्यान्वयन हुन सकिरहेको छैन । यस आगामी आ.व. मा यो नगरपालिकाले आफ्नै एम्बुलेन्स संचालन गर्नेछ ।

सुरक्षित मातृत्व, बाल स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा महिलाको प्रजनन् अधिकार, महामारी नियन्त्रण, नसर्ने रोग नियन्त्रण, यौन रोग नियन्त्रणलाई प्राथमिकता दिईनेछ । मानविय समाजका आ-आफ्नै चलनहरु हुन्छन् र अनेक प्रचलन पनि रही आएका छन् । ती चलन र प्रचलनहरु सामाजिक मुल्यका रुपमा स्वीकारिएका अविछिन्न मान्यताहरु हुन् । प्राकृतिक न्यायका रुपमा हुने संस्कार अनिवार्य छ र सवैमा आइ पर्दछ । यो मानिसको जन्म देखि मृत्यु सम्मका व्यवहारका रुपमा देखा पर्दछ । मावन

जीवनको अवसान पछिको सामाजिक संस्कार आर्यघाटिय व्यवस्था हो । यस नगरपालिका क्षेत्र भित्रका घाटहरु पनि परम्परागत शैलीका हुने साथै वर्षायाम र गर्मीयाममा दाहसंस्कार गर्न कठिनाई भएको हुनाले त्यो जोखिपूर्ण अवस्थालाई मध्यनजर गरी यस नगरपालिका क्षेत्र भित्रका प्रत्येक घाटहरुलाई व्यवस्थापन गर्नको लागि आवश्यक बजेट विनियोजन गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

गरिवीको कारणले आफ्नो पारिवारीक जीवनको प्राकृतिक सुरक्षा व्यवस्था कायम गर्न नसक्ने परिवारको लागि छानोमुनी ओत लाग्ने वातावरण सिर्जना गर्न सुरक्षित आवास कार्यक्रम संचालन गरी नागरिकलाई सुरक्षित बस्ने वातावरण सृजना गरिनेछ ।

जोखिमपूर्ण पारिवारीक स्थितिमा रहेका बालबालिकाहरु विद्यालय शिक्षाको अवसरबाट बाहिरीन बाध्य छन् । यस कारण जोखिमपूर्ण काममा पनि संलग्न हुनुपर्ने बाध्यात्मक परिस्थिति उनीहरुमा यथावत नै छ । त्यो परिस्थितिबाट मुक्त गरी बालमैत्री परिवेश निर्माण गर्नुपर्नेछ । यस कार्यका लागि बाल विबाह, बाल श्रम, मानव बेचविखन विरुद्धको अभियान संचालन गरी बालमैत्री नगर घोषणा गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

घरघर र हातहातमा सामाजिक सुरक्षा भत्ता पुर्‍याउने नीतिलाई प्रभावकारी बनाईनेछ । सामाजिक सुरक्षा भत्ता पाउन योग्य भएका तर पहुँचमा आउन नसकेका ज्येष्ठ नागरिकलाई विशेष कार्यक्रम मार्फत अनिवार्य रुपमा सुविधा लिन सक्ने वातावरण सृजना गरिनेछ ।

भौतिक पुर्वाधार, आर्थिक तथा मानविय विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिदै समान सामाजिक तथा भौतिक स्तर कायम हुने गरि सन्तुलित विकासको अवधारणालाई आत्मसात गरी कार्यान्वयन गरिने छ । स्थानीय विकासको निर्माण कार्य संचालन गर्दा जनसहभागिता जुट्ने र सामाजिक अपनत्व रहने विषयलाई ध्यान दिईनेछ ।

यस छेडागाड नगरपालिका क्षेत्रभित्र ४२ वटा कृषि, बचत तथा ऋण एवं बहुउद्धेश्यिय सहकारी संस्थाहरु गठन भई सुसुप्त अवस्थामा कृयाशिल रहेका छन् । ती संस्थाहरुको कार्यक्षमता उठ्न सकिरहेको छैन । ति संस्थाहरुको संस्थागत व्यवस्थापनको समन्वय र नेतृत्व प्रदान गर्न तथा अनुगमन र नियमन गर्नका लागि सहकारी शाखा निर्माण गरि समन्वय र व्यवस्थापन गर्ने काम अगाडी बढिरहेको छ । यद्यपी गुणस्तरीय विकास हुन सकिरहेको छैन । ती संस्थाहरुको कार्य क्षमता र व्यवस्थापकीय सीपको विकास गर्दै नगरको विकासमा अत्यधिक परिचालन गरिने छ ।

समुह, सहकारी तथा नीतिगत रुपमा निर्माण गरिने संरचनाहरुलाई प्रमाणिक र आधिकारीक बनाई सुचिकृत गरिने छ र राज्यसँग जोड्दै फर्महरुको अवसरमा पँहुच कायम गरिनेछ । सार्वजनिक, नीजि, सहकारी तथा सामुदायिक क्षेत्रको सहकार्यमा आर्थिक विकास कार्यक्रम अगाडि बढाईने छ । भुगोल र आर्थिक रुपमा हुने पुँजी लगानीको क्षेत्र र अवस्था हेरी उद्यमशिलताको विकासलाई प्राथमिकता दिदै उद्यमीहरुमा लगानीको वातावरण सृजना गरिने छ ।

**सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु**

छेडाबजार, खाराबजार, थलहबजार र सुयाडा क्षेत्र यस नगरपालिकाको सहजै पँहुच रहने बजार क्षेत्र हुन् । यी स्थानीय बजार क्षेत्रको व्यवस्थापनलाई प्रभावकारी बनाई स्थानीय उत्पादनलाई छिमेकी जिल्ला सल्यान, सुर्खेत, दैलेख र जुम्लाका बजारहरुमा पँहुच कायम हुनेगरि प्रर्वद्धन कार्यलाई सहजीकरण गरी नागरिक व्यापारिक सम्बन्ध निर्माण गर्ने वातावरण सृजना गरिने छ । उपलब्ध भएका साधन श्रोत तथा आर्थिक विकासका प्रतिफलहरुको वितरण प्रकृयालाई न्यायोचित बनाईने छ । बजार अर्थतन्त्रले ठाउँ ओगटिरहेको अहिलेको  अबस्थालाई ध्यानमा राखी कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सृजना गर्ने र प्रतिस्पर्धा नियन्त्रण गरी एकाधिकार कायम गर्ने कुराको अन्त्य गर्दै उपभोक्ताको हित प्रतिकुल नहुने वातावरण सृजना गर्न विशेष जोड दिईने छ ।

शुरुवाती वर्षदेखि नगरपालिकाले प्रक्षेपण गरेको आन्तरिक श्रोतको लक्ष्य प्राप्त हुन नसकिरहेको स्थितिलाई मध्यनजर गर्दै राजश्व तथा कर प्रणालीलाई सुधार गरी राजश्वको दायरा बढाउदै लगिनेछ र आन्तरिक आम्दानीमा बढावा दिईनेछ । नेपालको बजेटलाई झट्ट हेर्दा पनि पूँजीगत क्षेत्र भन्दा चालु क्षेत्रको बजेट नै अत्यधिक छ । यसको तुलनामा पुँजीगत बजेट नगण्य मात्रामा रहेको छ । नगरपालिकाको हकमा पनि यहि शिलशिला जारी छ । चालु खर्च नियन्त्रण गरी पुँजीगत खर्च बढाउँदै जानुपर्ने देखिन्छ । आर्थिक क्षेत्रको सबै गतिविधिमा स्वच्छता, जवाफदेहिता, प्रतिस्पर्धा कायम गर्न प्रभावकारी नियमनको व्यवस्था कायम गरिनेछ । सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउने काममा टेवा पुग्ने गरी खरिद प्रशासनको क्षमता बढाईनेछ ।

छेडागाड नगरपालिकाको क्षेत्र भएर बगिरहने छेडागाड खोला, वडा नं. ८ घोगीमा रहेका ऐतिहासिक देबल, सुयाडा मालिका क्षेत्र, मछाईना मालिका, समालथाना मालिका क्षेत्र राष्ट्रिय सम्पदा सुचीमा अंकित भएका र हुन लायकका सम्पदा हुन् । कला, साहित्य, भाषा र संगितहरुको पनि भण्डार रहि आएको छ । यी सम्पदाको आवश्यक रुपमा सार्वजनिक महत्व हुने गरी प्रचार प्रसार हुन सकिरहेको छैन । यी सम्पदाको विकासमा जोड दिदै सामाजिक सु-सम्बन्धमा आधारित समाज निर्माण गर्न सभ्य संस्कृतिको अवलम्बन गरिने छ ।

प्राकृतिक श्रोतका रुपमा रहेको जल, जमिन र जंगलको यथोचित प्रयोग, संरक्षण, प्रर्वद्धन र सम्वर्धनका लागी स्थानीय समुदायलाई प्राथमिकता दिएर उनीहरुको अग्राधिकार रहने गरि सामाजिक अनुकुलताको वातावरण सृजना गरिने छ । वातावरणीय अनुकुलता र प्रतिकुलताको प्रभाव मानव जीवनमा सिधा पर्न जान्छ । अनुकुल वातावरण सृजना गरि स्वच्छता कायम राख्न वातावरण प्रदुषण हुने कृयाकलापहरु निषेधित गरिनु पर्छ । वातावरणीय जोखिमबाट बच्नका लागि पुर्व सावधानी, पुर्व सहमति कायम गर्दै पर्यावरणीय दिगो विकासका सिद्धान्तमा जोड दिईनेछ ।

प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनिकरण गर्नु पूर्व सूचना, पुर्व तयारी, राहत उद्धार एवं पुर्नस्थापना जस्ता कार्यमा विशेष ध्यान दिईनेछ र वातावरणीय सन्तुलनका लागी आवश्यक भु-भागमा वन क्षेत्र कायम राखेर हरियाली प्रवर्द्धन गरिने छ ।

यस नगरपालिकामा अधिकांश जनताको जीवन निर्वाहको साधन भुमि र पेशा कृषि नै हो । नागरिकको अत्यधिक श्रम कृषिमा थोपरिएको छ तर प्रतिफल सन्तोषजनक छैन । किसानको स्वेच्छिक श्रम बाहेक राज्यको लगानी यस क्षेत्रमा छैन । खाद्य सम्प्रभुताको मान्यता अनुसार जलवायु र माटो अनुकुलको खेती प्रणाली स्थापित हुन नसक्दा किसानहरुमा आफ्नो पेशा प्रति उत्साह घटिरहेको छ । यस कुराको उचित व्यवस्था गर्दै **"किसानसँग मेयर कार्यक्रम"** संचालन गरेर कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै लगिने छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वको अभिवृद्धिबाट कृषिमा आत्मनिर्भर नगर बनाउने दृष्टिकोण राखी नगरका विभिन्न क्षेत्रलाई पकेट क्षेत्र घोषणा गर्ने कार्यलाई अभियानका रुपमा अगाडी बढाइने छ । एक गाऊँ एक नर्सरी, एक टोल एक उद्यम, एक घर एक करेसाबारी कार्यक्रम संचालन गर्दै वजारीकरणमा जोड दिदै खाद्य तथा पोषण सुरक्षा प्रत्याभुत हुनेगरि जनताको खाद्य सम्बन्धी अधिकार सुरक्षित गर्ने कार्यलाई प्राथमिकता दिईने छ । कृषि पेशा प्रतिको विकर्षण हटाई सामाजिक मर्यादा स्थापित गर्न आर्कषणयुक्त कृयाकलाप सृजना गरेर श्रमको सम्मान स्थापित गर्दै कृषि पेशालाई मर्यादित बनाईने छ । परम्परागत धन्दाका रुपमा रहेको कृषि क्षेत्रलाई व्यवसायीकरण, यान्त्रिकिकरण, विविधिकरण र प्रतिस्पधी बनाउन उन्नत बीऊ, सीप, कृषि सम्बन्धी प्राविधिक शिक्षा, तालिम, प्रविधि हस्तान्तरण बाट कृषि उद्योगको प्रर्वद्धन हुने गरी जनशक्ति व्यवस्थापन गरिने छ ।

आजकाल कृषि पेशा प्रतिको मोह घटिरहेको छ तर नगरी पनि भाछैन । गुणात्मक र उपयुक्त प्रतिफल प्राप्त हुनेगरि कृषिलाई जलवायु परिवर्तन अनुकुलन कार्यसंग जोडेर नश्ल सुधार, उन्नत जातको बाली तथा पशु विमा, व्यवसायिक अगुवा कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रमहरु संचालन गरिनेछ । कृषि तथा पशु क्षेत्रमा संकोच रहने ठाऊँ छैन । जोखिमहरु प्रशस्त छन् । ठुल्ठुला प्रकोप र महामारीहरु खेप्नु परिरहेको स्थिति छ । यस विषयलाई मध्यनजर गर्दै पशु तथा बालीमा आईपर्ने प्रकोपहरुको उचित व्यवस्था गरिने छ ।

नगरका सम्पुर्ण काम कारबाहीहरु लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी हुनेछन् । तर नगरपालिका र नागरिकका सर्वोपरी हितमा प्रतिकुल असर पार्ने संवेदनशिल सूचनाको भने संरक्षण गरिनेछ । यस नगरपालिका क्षेत्र भित्र सिचाई योग्य भुमिको अंश थोरै छ । अधिकांश भुमि भिरालो डाडाकाँडाले ढाकिएको छ । जमिनको सापेक्षित सिंचाई प्रविधिको उपयोगमा जोड दिदै विभिन्न संघ संस्थाहरुसंग समन्वय गर्दै सिंचाई क्षेत्र विस्तार गरेर सिंचाई सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।

नविकरणीय तथा वैकल्पिक ऊर्जामा जोड दिदै केन्द्रिय विधुत प्रसारण लाईनमा सबै वडालाई आवद्ध हुनेगरि कार्यक्रम संचालन गरिनेछ । नगरपालिकाले आफ्नो कामको आधारको रुपमा रहेका केहि थान कानुनहरु निर्माण गरेको छ । समृद्ध छेडागाड निर्माणको यात्रामा टेवा पुग्ने गरी विभिन्न गुरु योजनाहरु निर्माण गर्ने चरणमा छेडागाड नगरपालिका लागिरहेको छ । गुरुयोजना मार्फत निर्माण कार्य अगाडी बढाईने छ ।

छेडागाड नगरपालिका वि.सं. २०७० सालमा खुला दिसामुक्त क्षेत्र घोषणा भईसकेता पनि हाल सम्म आईपुग्दा नगरपालिकाका सम्पूर्ण वडा तथा बस्तीहरुमा सरसफाईका कृयाकलापहरु संचालन गरी

सम्पूर्ण नगरपालिकालाई नै पूर्ण सरसफाई युक्त नगरपालिका घोषणा गर्ने कार्यलाई प्राथमिकतामा राखी कार्यक्रमहरु संचालन गरिनेछ ।

छेडागाड नगरपालिका क्षेत्र भित्र पर्ने छेडाखोला लगायतका नदिहरुमा माछा मार्ने कार्य तिव्र रुपमा बढीरहेको हुनाले आगामी आ.व. देखि विषादी, करेन्ट लगाउने र विष्फोटक पदार्थ प्रयोग गरी अबैध रुपमा माछा मार्ने कार्यलाई कडाईका साथ बन्द गरिनेछ ।

छेडागाड नगरपालिका क्षेत्र भित्रका बजारहरुमा खुला र अवैध रुपमा मदिरा जन्य पदार्थहरुको विक्री वितरण अत्यधिक रुपमा बढिरहेको र उक्त कार्यले समाजमा विभिन्न खालका अपराधिक गतिविधीहरु बढीरहेको हुनाले आगामी आ.व. देखि मदिरा नियन्त्रण निर्देशिका, २०७५ बमोजिम कडाईका साथ लागु गरिनेछ ।

छेडागाड नगरपालिका क्षेत्र भित्र टिमुर, आँप, सुन्तला जस्ता विभिन्न खालका फलफूलहरुको संभाव्य स्थानहरुमा व्यवसायिक खेतीको अवधारणा बमोजिम विभिन्न कृयाकलापहरु संचालन गरिनेछ ।

छेडागाड नगरपालिका भित्रका वन क्षेत्रहरु अधिकांश सामुदायिकरण भएका छन् । आफूले प्राप्त गरेको अधिकारको सहि उपभोग हुन नसक्दा सामुदायिक वनहरु आलोचित भइरहेका छन् । सामुदायिक वनहरुको उचित व्यवस्थापन गरेर वन अतिक्रमणलाई नियन्त्रण गरिनेछ । जैविक विविधता, पशुपंक्षी तथा जडिबुटीको संरक्षणमा टेवा पुर्‍याउने गरी सामुदायिक वन परिचालन गरिनेछ । सार्वजनिक, ऐलानी, पर्ती जग्गा संरक्षण गरी खाली जमिन, राजमार्गको दायाँबायाँ, सरकारी कार्यालय परिसर, बाढीपैरोको दृष्टिले जोखीमपूर्ण स्थानमा बृक्षारोपण गरिनेछ । साथै **“रुख रोपौं वातावरण जोगाऔं”** भन्ने उक्तिलाई सार्थक तुल्याउन **“एक व्यक्ति एक विरुवा अभियान”** संचालन गरिनेछ ।

पर्यटकिय हिसावले महत्व राख्ने पहिचान गरिएका क्षेत्रहरुमा बनभोज स्थलहरु निर्माण गरिनेछ । हरियाली पार्कका माध्यमबाट ती हरियाली स्थलहरुको सौन्दर्यता जोगाईनेछ ।

नेपालको संविधान, स्थानीय तहको अधिकार तथा कार्य विस्तृतिकरण तथा अन्य प्रचलित नेपाल कानून बमोजिम सार्वजनिक तथा भाडाका सवारी साधनको भाडा निर्धारण सम्बन्धी अधिकारको प्रयोग गरी यातायात क्षेत्रलाई व्यवस्थित गरिनेछ । यस क्षेत्रलाई जनउत्तरदायी सेवामूलक र मर्यादित बनाईनेछ । सुविधा सम्पन्न बस विसौनीहरुको प्रवन्ध गरिनेछ ।

लोककल्याणकारी राज्यमा सामाजिक न्याय प्रभावित हुनुहुँदैन । यसका लागि प्रचलित कानून बमोजिम सबै क्षेत्रमा समावेशीकरणका सबै सिद्धान्तहरु अवलम्बन गरिनेछ । छेडागाड नगरपालिकामा अस्थायी, करार, ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई वर्तमान अवस्था सुहाउँदो सेवा सुविधाको व्यवस्थापन गरी कर्मचारीहरुको मनोबल उच्च बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

स्थानिय तहका कतिपय कामहरु प्रदेश कानुन बमोजिम हुनेछन् भनि प्रष्ट किटानी भई आएको छ । कर्णाली प्रदेश कानुन निर्माणको चरण र प्रकृयामा छ । संघीय र प्रादेशिक कानुनहरु जारी भैसकेपछि तोकिए बमोजिम नगरपालिका सेवाको गठन गरि संचालन र व्यवस्थापन गरिने छ ।

VERSP-MIS (मुख्य घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि सुचना व्यवस्थापन प्रणाली ) लाई शासकीय प्रबन्ध, सेवा प्रवाह तथा योजना व्यवस्थापनमा मुटुको रुपमा अवलम्बन गर्दै प्रविधि मैत्री विद्युतिय अभिलेख प्रणालीलाई व्यवस्थित बनाईने छ र सामाजिक सुरक्षा कार्यक्रमका लाभग्राही प्रति यस नगरपालिकालाई थप जबाफदेही र उत्तरदायी बनाईने छ । छिमेकी स्थानीय पालिकाहरुसँग सुमधुर भगिनी सम्बन्ध कायम राखी प्रशासन, व्यवस्थापन र व्यापारिक क्षेत्रमा अवलम्बन गरिएका नविनतम् मान्यता, अवधारणा र अभ्यासलाई नगरको विकासमा आत्मसात गरिनेछ ।

नगरपालिकालाई विपद उत्थानशिल बनाउन गरिएका विगतका प्रयासहरुबाट केहि अनुभुतिहरु प्राप्त गरेका छौ । ती क्षेत्रको उचित व्यवस्थापनको तरिकाबाट पाठ सिक्दै संस्थागत क्षमता अभिवृद्धि गर्नु परेको छ । स्थानीय दैवी प्रकोप उद्धार कोषको स्थापना गरि सम्बन्धित क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्था तथा नीजि क्षेत्रको सहकार्यमा कोष अभिवृद्धि गरी विपद व्यवस्थापनलाई सहज बनाईनेछ ।

नगरपालिका क्षेत्र भित्र रहेका प्रहरी ईकाईलाई संभव भएसम्म श्रोत साधन सम्पन्न बनाईने छ । सामाजिक सुरक्षा, बाल गरिबी तथा जोखिम सम्बन्धी तथ्यांक संकलन, अध्यावधिक र अभिलेखिकरण गर्दै बालबालिकाको स्थिति, वडा तथा नगर प्रोफाईल तयार गरी त्यस्ता जोखिमहरु न्यूनिकरण तथा व्यवस्थापन गर्न बालबालिकाहरुका विशेष सवाल उपर विशेष योजना बनाउन र कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ । विभिन्न किसिमका जोखिम व्यहोरिरहेका अनाथ वा संरक्षण विहिन बालबालिका र अपांगता भएका बालबालिकाको शिक्षा र स्वास्थ्यको क्षेत्रमा सहयोग पुर्‍याउने कार्यका लागि स्थापना गरिएको बाल अक्षय कोषलाई कार्यान्वयनमा ल्याई त्यस्ता बालबालिकाहरुलाई सामाजिक सुरक्षा भत्ताकै रुपमा वितरण गरि उनिहरुलाई प्रत्यक्ष लाभको अनुभुति गराईनेछ । साथै उक्त कोषलाई क्रमिक रुपमा वृद्धि गर्दै लगिनेछ । गरिबी निवारण कोषबाट वितरित ऋण कार्यक्रमसँग संलग्न समुहहरुलाई तत्काल नगरपालिकामा आवद्ध गराई हर-हिसाबको लेखाजोखा अध्यावधिक गरेर नियमन गरी व्यवस्थित बनाईने छ ।

प्राकृतिक तथा मानव निर्मित प्रकोप वा माहामारीको कारण हुन सक्ने नकरात्मक असर तथा प्रभावहरुको व्यवस्थापन गर्न यस नगरपालिकाले एक विपद व्यवस्थापन (प्रतिकार्य योजना ) योजना बनाई कार्यान्यन गर्नेछ ।

यस छेडागाड नगरपालिकाले आफ्नो एक मुख्य नीतिका रुपमा बाल संरक्षण नीतिलाई अवलम्बन गर्दै सबै बालबालिकाहरुका लागि सुरक्षित नगरपालिकाको रुपमा स्थापित गर्न कोशिस गर्नेछ । बाल श्रम न्युनिकरण तथा व्यवस्थापन गर्नका लागि एक कार्यविधि निर्माण गरि विशेष योजना तय गरि कार्यान्वयन गरिनेछ र यसका लागि सम्बन्धित क्षेत्रमा कृयाशिल विभिन्न गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य गरिनेछ । बालबालिका तथा अभिभावक/हेरचाहकर्ता बीच निकटतम र मजबुद सम्बन्ध

स्थापित गर्दै बालबालिका उपर गरिने हिंसा, दुर्व्यवहार, शोषण र वेवास्ता जस्ता कृयाकलापहरु न्युनिकरण गर्नका लागि आईसिडिपि (अभिभावक सेसन) कार्यक्रमलाई एक विशेष रणनीतिका रुपमा अवलम्बन गरि प्रभावकारी कार्यान्वयन गरिनेछ ।

सामाजिक सुरक्षा कार्यक्रम वा भत्ता कार्यक्रमले बालबालिकाहरुको शिक्षा, स्वास्थ्य र पोषण जस्ता क्षेत्रमा महत्वपुर्ण योगदान पुराउने भएकोले यसलाई थप बाल संवेदनशिल बनाउदै यस नगरपालिकाको बाल गरिबी घटाउन वा हटाउनका लागि एक बाल संवेदनशिल सामाजिक सुरक्षा कोषको स्थापना गरिनेछ ।

**सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु**

नगरपालिकाले लिएको लक्ष्य प्राप्त गर्न स्वीकृत नीति तथा कार्यक्रम समय मै संचालन तथा सम्पन्न गरी प्रतिफल प्राप्तीका लागि यहाँहरु सहित सम्पूर्ण नगरपालिका बासीहरुको समान सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वासका साथ आफ्ना भनाईहरु यही अन्त्य गर्दछु । **धन्यवाद् ।**

..................................

**नगर प्रमुख**
**श्री लाल बहादुर महतारा**